मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख ७ गते सोमबार ❑ 20 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## कांग्रेसले संविधान संशोधन विज्ञ समितिलाई दियो पूर्णता

रासस
काठमाडौं, ६ बैशाख

नेपाली कांग्रेसले संविधान संशोधनका विषयमा अध्ययन गरी आवश्यक सुझाव दिन गठित विज्ञ समितिलाई पूर्णता दिएको छ।

गत चैत ११ गते बसेको पार्टी केन्द्रीय कार्यसमितिको बैठकले उपसभापति पुष्पा भुसालको संयोजकत्वमा गठन गरेको उक्त समितिलाई पूर्णता दिएको हो।

पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले आइतबार एक विज्ञप्ति जारी गरी विज्ञ समूहमा वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, प्रेमबहादुर खडका, उपेन्द्रकेशरी न्यौपाने, शेरबहादुर केसी, यदुनाथ खनाल, गोपालकृष्ण घिमिरे, योगेन्द्रबहादुर अधिकारी, दिनेश त्रिपाठी, सीताराम केसी, ललितकुमार बस्नेत, अधिवक्ताहरू रनबहादुर थेवे, शर्मिला श्रेष्ठ, झलमाया विकलाई सदस्यमा मनोनयन गरिएको जानकारी दिनुभयो । समितिको सदस्य सचिवमा अधिवक्ता राजु कटुवाललाई जिम्मेवार दिइएको छ । यसैगरी, समितिलाई पाँचबुँदे कार्यविवरणसमेत दिइएको विज्ञप्तिमा उल्लेख छ। कार्यविवरणमा संविधान निर्माणका क्रममा विभिन्न समुदाय र समूहबाट उठेका माग, आन्दोलन र सम्झौताहरूको अध्ययन गर्नाका साथै संविधान कार्यान्वयन निर्माणपश्चात् देखिएका समस्या, सङ्घीयताको अभ्यास, तहगत सरकार सञ्चालनका चुनौती तथा सरोकार भएकाहरूसँग संवाद गरी विश्लेषण गर्ने जिम्मेवारी दिइएको छ। यसैगरी, गत भदौ २३ र २४ मा जेनजी युवा पुस्ताको आह्वानमा भएको आन्दोलनको भावनाअनुसार सुशासन, सेवाप्रवाह र प्रतिनिधित्वलगायत विषयमा उठेका माग र सम्झौतामा उल्लिखित विषय, गत भदौ २१ को निर्वाचनमा पार्टीले प्रतिज्ञापत्रमा उल्लिखित संविधान संशोधनसम्बन्धी विषय र एक दशकको अनुभवका आधारमा संविधान कार्यान्वयनको समीक्षा गर्दै सुझावसहित प्रतिवेदन तयार पार्ने कार्यविवरण दिइएको छ।

उक्त समितिको सुझावका आधारमा संविधान संशोधनबारे आफ्नो धारणा तय गर्ने र राष्ट्रिय सहमतिका लागि अन्य राजनीतिक दल, नागरिक समाज तथा विशेषज्ञहरूसँग संवाद अघि बढाउने जनाइएको छ।

कांग्रेसले सरकारले संविधान संशोधनसम्बन्धी बहसलाई प्राथमिकता दिएकामा स्वागत गर्दै सरकारसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ । यस्तै, विसं २०७२ मा संविधानसभामार्फत जारी भएको नेपालको संविधानलाई ऐतिहासिक उपलब्धि भन्दै यसको संरक्षण र प्रभावकारी कार्यान्वयन आफ्नो मूल दायित्व भएको उल्लेख गरेको छ।

"संविधान जारी भएको एक दशक पूरा भइसकेको सन्दर्भमा समयानुकूल संशोधन र अद्यावधिक लोकतान्त्रिक प्रक्रिया हो । पार्टीले २०८२ को प्रतिनिधिसभा निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार संविधानका अभ्यासमा देखिएका समस्यालाई संशोधनमार्फत सम्बोधन गर्दै सङ्घीयता, समावेशिता र नागरिक अधिकारलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखेको छ। यसका लागि राजनीतिक दल, नागरिक समाज र आमजनतासँग व्यापक संवाद र सहमतिमा आधारित पहल अघि बढाइने छ", विज्ञप्तिमा भनिएको छ।

## धौलागिरि हिमाल आरोहण सुरु : पहिलोदिन नौजनाद्वारा आरोहण

पोखरापत्र संवाददाता
म्याग्दी, ६ बैशाख



धौलागिरि हिमालमा चालु वसन्तयामको आरोहण सुरुआत भएको छ। धौलागिरि गाउँपालिका-४ स्थित विश्वको सातौँ सो हिमालको उचाइ आठ हजार १६७ मिटर) रहेको छ।

इमेजिन नेपाल कम्पनीमार्फत आरोहणका लागि गएका चार विदेशी र पाँच नेपालीले शनिबार चालु वसन्तयामको पहिलो सफल आरोहण गरेका हुन् । चीनका लिउ होङ, लिउ यिशी, वाङ, झोङ, स्विटजरल्याण्डका क्रिस्टिन भोगोन्डी, नेपालका फुर ग्याल्जेन शेर्पा, पासाङ नाम्गेल शेर्पा, किली पेम्बा शेर्पा, ङिमा नुरु शेर्पा र पेम्बा छिरी शेर्पाको टोलीले धौलागिरिको सफल आरोहण गरेका इमेजिन नेपालले जनाएको छ। शनिबार दिउँसो ११:४० बजे धौलागिरिको चुचुरोमा पुगेको आरोहण टोली सकुशल रुपमा तेस्रो आधार शिविरमा फर्किएको आरोहण टोलीको नेतृत्व गरेका फुर ग्याल्जेन शेर्पाले बताउनुभयो। शेर्पाहरूको टोलीले हिउँमा डोरी तानेरबाटो तयारपारेपछिउनीहरूको सहयोगमा आरोही चुचुरोमा पुगेका हुन् । पर्यटन विभागका अनुसार वसन्तयाममा धौलागिरि आरोहणका लागि तीन समूहका १२ महिला र १६ पुरुषले अनुमति लिएका छन् । अनुमति लिएकाबाट रु एक करोड २५ लाख ६० हजार ८५० सलामी दस्तुर (शुल्क) प्राप्त भएको पर्यटन विभागका शाखा अधिकृत शर्मिला बञ्जाडेले बताउनुभयो । गत शरद्याममा धौलागिरि हिमाल आरोहणका लागि ३६ जनाले अनुमति लिएका थिए । छिनछिनमा परिवर्तन हुने मौसम धौलागिरि आरोहणको चुनौती हो।

अन्य हिमालको तुलनामा धौलागिरि आरोहणलाई जोखिमयुक्त र साहसिक मानिन्छ। सन् १९६० मे १३ मा अस्ट्रियाका कुर्ट डिम्बर्गरले पहिलोपटक धौलागिरि हिमालको सफल आरोहण गर्नुभएको थियो । डिम्बर्गरसहित पिटर डियनर, एन्स्ट फोरर, एल्बिन सेल्वर्ट, निमा दोर्ज र नवाङ दोर्ज पहिलोपटक धौलागिरिको चुचुरोमा पुग्नुभएको थियो।

## रास्वापाले वैशाख १५ देखि जिल्ला अधिवशेन गर्ने

रासस
काठमाडौं, ६ बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टीले यही वैशाख १५ गतेदेखि जिल्ला अधिवेशन सुरु गर्ने निर्णय गरेको छ।

बनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा आज बसेको सचिवालय बैठकले प्रत्यक्ष निर्वाचित सांसद नरहेको निर्वाचन क्षेत्रमा समानुपातिकतर्फबाट निर्वाचित सांसदहरूलाई जिम्मेवारी तोक्ने निर्णय गरेको प्रवक्ता मनिष झाले जानकारी दिनुभयो । जिल्ला र निर्वाचन क्षेत्रसहितको सूची सोमबार बस्ने केन्द्रीय समितिको बैठकबाट पारित गर्ने रास्वपाको तयारी छ। बैठकले पार्टीको प्रवास विभागको प्रमुखमा केन्द्रीय सचिवालय सदस्य तथा सांसद दीपक बोहरालाई नियुक्त गरेको छ । यसअघि प्रभाव विभाग प्रमुखको जिम्मेवारीमा उपसभापति डिपी अर्याल रहनुभएको थियो। अर्याल सभामुखमा निर्वाचित भएपछि उहाँ पार्टीको जिम्मेवारीबाट अलग हुनुभएको छ।

उहाँ सभामुखका निर्वाचित भएसँगै सो पद रिक्त थियो । सचिवालयले केन्द्रीय समिति बैठकको 'एजेन्डा' तय गरेको छ। पार्टी प्रवक्ता झाका अनुसार केन्द्रीय समिति बैठकको प्रारम्भमा पार्टी गतिविधिबारे ' ब्रिफिङ' हुनेछ। बैठकमा केन्द्रीय सदस्यहरूको रिपोर्टिङ हुनेछ । केन्द्रीय सदस्यलाई दुई मिनेटका दरले समय छुट्याइएको छ।

बैठकमा केन्द्रीय समिति पदाधिकारी मनोनयन, महाधिवेशन कार्यविधि मस्यौदा, विधान संशोधनका विषयमा पनि छलफल हुने प्रवक्ता झाले बताउनुभयो । आसन्न स्थानीय तहको निर्वाचनका लागि उम्मेदवार क्लब गठन र आवेदन आह्वान, प्रवासमा रहेका नेपालीहरूलाई प्रवासबाटै मताधिकारलगायत विषयमा पनि बैठकमा छलफल हुने उहाँले जानकारी दिनुभयो।

## सभापति थापा र नेता खड्काबीच भेटवार्ता

रासस
काठमाडौं, ६ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको वृहत्तर एकताका लागि पहल सुरु गर्नुभएको छ।

उहाँले आइतबार साँझ निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कासँग संवाद गर्नुभएको हो । सभापति थापा नेता खड्कालाई भेट्न खड्का निवास गोल्फुटार पुग्नुभएको थियो । पार्टीमा देखिएको केही बेमेल हटाएर एकताका लागि पहल गर्न नेता खड्कासँग भेट गरेको सभापति थापाले बताउनुभयो । "पार्टीको वृहत्तर एकताका लागि सिनियर नेताहरुसँग संवाद सुरु गरेको छु", सभापति थापाले भन्नुभयो । सर्वोच्च अदालतको निर्णयले पार्टीका सबैलाई एकताबद्ध बनाउँदै पार्टीलाई फेरि बलियो बनाउने साझा यात्रामा अघि बढ्ने वातावरण बनाएको उहाँको भनाइ थियो । उहाँले पार्टीको १५औँ महाधिवेशनको प्रक्रिया अगाडि बढिसकेको र महाधिवेशनलाई सफल पार्दै पार्टीलाई रूपान्तरण तथा सुदृढ बनाउने अवसरका रूपमा उपयोग गर्न आम कांग्रेस नेता कार्यकर्तालाई आह्वान गर्नुभयो।

## क्रियाशील सदस्यता व्यवस्थित गर्न खोजेका हौँ: महामन्त्री पौडेल

रासस
काठमाडौं, ६ बैशाख

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले क्रियाशील सदस्यताको 'डिजिटल' अद्यावधिक अभियानलाई सफल पार्न बागमती प्रदेशका नेताकार्यकर्ताहरूलाई आग्रह गर्नुभएको छ।

महामन्त्री पौडेलले आइतबारपार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित जिल्ला सभापति, जिल्लाबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य, पार्टीले 'जरा' अभियानका लागि खटाएका केन्द्रित प्रतिनिधिलगायतको प्रशिक्षण कार्यक्रम क्रियाशील सदस्यतालाई व्यवस्थित गर्न खोजिएको बताउनुभयो । उहाँले सदस्यतालाई सहज र प्रविधिमैत्री बनाउन डिजिटल अद्यावधिक गर्न लागिएको उल्लेख गर्नुभयो।

"एक पटक डिजिटल रेकर्ड भएपछि नवीकरणमा सहजता पुग्छ, एकपटक आ-आफ्नो स्थानबाट मेहनत गरिदिनुहोस्," महामन्त्री पौडेलले भन्नुभयो । सदस्यता डिजिटल अद्यावधिक गर्न लागिए पनि पुरानो खारेज नहुने उहाँको भनाइ छ।

महामन्त्री पौडेलले निर्वाचन प्रचारको शैली फेरिएर डिजिटल हुन थालेको भन्दै पार्टी सर्कुलर गर्न, आम सदस्यको राय लिन तथा पार्टीका गतिविधिबारे जानकारी दिन अब डिजिटल प्रविधिको उपयोग गरिने बताउनुभयो । उहाँले पार्टीको सदस्यसँग पार्टी विचार लिन, जिम्मेवार बनाउन र सदस्यको क्षमताको रोष्टर तयार पार्न पनि डिजिटल अद्यावधिक आवश्यक रहेको उल्लेख गर्नुभयो । महामन्त्री पौडेलले सदस्यताका लागि वडामा नै जानुपर्ने व्यवस्था गरिएको भन्दै सदस्यलाई आफ्नै टोलमा फर्काउन र चिनारी बढाउन वडामा नै जानुपर्ने व्यवस्था गरिएको बताउनुभयो । "हरेक क्रियाशील सदस्यलाई प्रणालीमा जोड्न र अपनत्वको भाव विकास गर्न वडामै जान प्रोत्साहित गरिएको हो, यसले विवरणमा पारदर्शिता समेत कायम गर्न सकिनेछ," उहाँले भन्नुभयो। कुनै विशेष कारण जान वडा जान नसक्नेका हकमा के गर्ने भन्ने विषय छलफलमार्फत टुङ्ग्याइने महामन्त्री पौडेलले बताउनुभयो। कांग्रेसले जिल्ला सभापतिमार्फत सबै वडामा सदस्यताको फारम पठाउने उहाँले बताउनुभयो। वडा सभापतिमार्फत अन्य क्रियाशील अद्यावधिक हुने तथा नवीकरण गरिसकेका सदस्यहरूको वडा सभापतिले सदर गरेर इन्ट्री गरेपछि वैध मानिने व्यवस्था मिलाइएको छ। सदस्यता नवीकरण नभएकाले नयाँ फर्म भर्न सकिने भए पनि अद्यावधिक नभएमा आगामी महाधिवेशनसम्बन्धी प्रक्रियामा भाग लिन पाउने छैनन्।

खोप लगाऔं, रोगबाट बचौं र बचाऔं।

- सबै बालबालिकालाई तोकिएको समयतालिकाअनुसार खोप लगाऔं।
- नवजात शिशुदेखि किशोर अवस्थासम्म आवश्यक सबै खोप दिऔं।
- गर्भवती महिलाले पनि आवश्यक खोप समयमै लगाऔं।
- खोप लगाउँदा स्वास्थ्यकर्मीको सल्लाह र निर्देशन पालना गरौं।
- खोप कार्ड अद्यावधिक गरी सुरक्षित राखौं।
- नजिकको स्वास्थ्य संस्थामा उपलब्ध निःशुल्क खोप सेवाबारे जानकारी लिऔं।
- समुदायमा खोपप्रति सकारामक सोच वकास गरौं।
- खोप सुरक्षित, प्रभावकारी र जीवनरक्षक हुन्छ भन्ने जानकारी दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# यही वैशाख १८ र १९ गते बन्दीपुरमा गाउँ पर्यटन मार्ट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

तनहुँको पर्यटकीय गन्तव्य बन्दीपुरमा पहिलो पटक प्रदेशस्तरीय गाउँ पर्यटन मार्ट हुने भएको छ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको संयुक्त आयोजना तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (भिटोफ) गण्डकी प्रदेशकोसह-आयोजनामा वैशाख १८ र १९ गते बन्दीपुर बजार क्षेत्रमा उक्त मार्ट सञ्चालन हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र बाबु थापाले मार्ट आयोजना गर्न पाउँदा खुशी व्यक्त गर्दै यसले गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । बन्दीपुर भ्रमण वर्ष २०२५ सम्पन्न भइसकेको र पुनः गाउँ पर्यटन केन्द्रित भ्रमण वर्ष घोषणा गरिएको सन्दर्भमा यो कार्यक्रम अझै महत्वपूर्ण हुने उहाँले जनाउनु भयो । साथै बन्दीपुर होमस्टे सर्किट निर्माण कार्य अन्तिम चरणमा पुगेको समेत अध्यक्ष थापाले बताउनुभयो ।

यसअघि तीन संस्करण पोखरा मा सम्पन्न भइसकेको गाउँ पर्यटन मार्ट यसपटक पहिलो पटक ग्रामीण गन्तव्य बन्दीपुरमा आयोजना हुन लागेको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो।कार्यक्रममासामुदायिक होमस्टे, पर्यटन व्यवसायीका स्टल, प्यानल छलफल, विभिन्न जातजातिका सांस्कृतिक प्रस्तुति तथा पर्यटन प्रवर्द्धन सामग्री वितरण लगायतका कार्यक्रम हुने भएको छ।

मार्टको मुख्य उद्देश्य गाउँका साना पर्यटन व्यवसायी र सामुदायिक होमस्टेलाई सिधै शहरी बजार तथा ठूला ट्राभल एजेन्सीसँग जोड्दै बीरबी र नेटवर्क विस्तार गर्नु रहेको आयोजकले जनाएको छ। साथै ग्रामीण पर्यटनमा निजी तथा सरकारी लगानी आकर्षित गर्ने र स्थानीय उत्पादनको बजारीकरण गर्ने लक्ष्य पनि राखिएको छ । कार्यक्रममा करिब ३० भन्दा बढी होमस्टे, पर्यटन व्यवसायी, नीति निर्माता, स्थानीय तहका प्रतिनिधि, संघसंस्था, सञ्चारकर्मी, विद्यार्थी तथा स्वदेशी-विदेशी पर्यटकहरूको सहभागिता रहने अपेक्षा गरिएको छ । गण्डकी प्रदेशका ११ जिल्लाबाट प्रत्येक जिल्लाका कम्तीमा दुई होमस्टे सहभागी गराउने योजना रहेको भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो ।

बन्दीपुर क्षेत्रमा हाल ७ वटा व्यवसायिक होमस्टे सञ्चालनमा रहेका छन्। यहाँको अर्गानिक खाना, रैथाने बाली तथा परम्परागत कला-संस्कृतिको संरक्षण र प्रवर्द्धनमा यो मार्टले थप टेवा पुऱ्याउने विश्वास लिइएको छ । साथै आगामी बन्दीपुर भ्रमण वर्ष २०२६ लाई प्रभावकारी बनाउँदै पर्यटक बसाइ अवधि वृद्धि गर्ने लक्ष्य पनि राखिएको छ ।

# अन्नपूर्णमा आरोहण सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ बैशाख

अन्नपूर्ण प्रथम हिमालमा चालु वर्षको वसन्तयामको आरोहण सुरु भएको छ । आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ ।

सेभेट समिट ट्रेकका लाक्पा शेर्पाको नेतृत्वमा सात जना नेपाली र पाँच जना विदेशी पर्वतारोही शनिबार अन्नपूर्णको चुचुरो चुमेका हुन्। सेभेन समिटका अनुसार आरोहण गर्नेहरूमा क्यानडाका चार्ल्स पेज, रुसका भालेरिय बाबानोभ, भ्लादिमिर अफनासेभ, युरी कुलोभ र अजरवैजानका इस्फार्ली असुर्ली रहेका छन् । नेपाली लाक्पासहित छेवाङ, दावा नर्बु, पासाङ दुक्पा, छाङ्बा, तारामान र पासाङ शेर्पाले पनि शनिबार नै अन्नपूर्णको सफल आरोहण गर्नुभएको कम्पनीले जनाएको छ।

त्यसैगरी, शनिबार विहान १०:१५ बजे नेदरल्यान्ड र अष्ट्रेलियाका दुई आरोहीसँगै एक शेर्पाले सफलतापूर्वक आरोहण गरेको मौरिस हर्जोग पदमार्गका अभियन्ता तेजबहादुर गुरुङले जानकारी दिनुभयो ।

"अन्नपूर्ण हिमालमा यसपटकको पहिलो आरोही टोलीले सफलतापूर्वक आरोहण गरेका छन्", उहाँले भन्नुभयो, "आरोहण टोलीसँगै बेसक्याम्पसम्म घुम्न जानेको चहलपहल सुरु भएको छ", अभियान्ता गुरुङले भन्नुभयो ।

यस वर्ष अन्नपूर्ण हिमाल आरोहणका लागि पर्यटन विभागबाट चार समूहका २७ जनाले अनुमति लिएका छन् । उनीहरूबाट रु एक करोड २० लाख ४९ हजार १७५ राजस्व प्राप्त भएको विभागका शाखा अधिकृत शर्मिला बज्जाडेले बताउनुभयो । अन्नपूर्ण संसारको दशौं अग्लो हिमाल हो । गत वर्षको वसन्तयाममा अन्नपूर्ण चढ्न ६६ जनाले अनुमति लिएका थिए । अन्नपूर्ण आरोहणका लागि विभिन्न कम्पनीबाट पुगेका आरोही र पर्यटकहरूको आधार शिविरमा चहलपहल छ । विसं १९५० मा फ्रान्सका मौरिस हर्गोजले अन्नपूर्ण पहिलोपटक आरोहण गर्नुभएको थियो । मौरिसले अन्नपूर्ण चढेको तीन वर्षपछि १९५३ सालमा सरएडमण्ड हिलारी र तेन्जिन नोर्गे शेर्पाले सर्वोच्च शिखर सगरमाथा आरोहण गर्नुभएको थियो ।

# कोरलानाका जोड्ने कागबेनी-छुसाङ सडक स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ६ बैशाख

छिमेकी मुलुक चीन र भारतलाई जोड्ने कालिगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम-कोरलासडकआयोजनालेमुस्ताङको कागबेनी-छुसाङ खण्डको तीव्रगतिमा कालोपत्र तथा स्तरोन्नतिगरिरहेकोछ।हिउँदयामको अत्यधिक चिसो, हिमपात र गत फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण रोकिएको कोरला नाका जोड्ने कागबेनी-छुसाङ खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएको हो ।

नौ दशमलव आठ किलोमिटर रहेको उक्त खण्डको स्तरोन्नतिलाई तीव्रता दिइएको बेनी-जोमसोम-कोरला सडक आयोजनाले जनाएको छ । आयोजना कार्यालयले मुस्ताङको थासाङ-४ घाँसाबाट कोरला नाका र मुक्तिनाथ जोड्ने गरी कागबेनीसम्मको करिब ९८ प्रतिशत सडक कालोपत्र सम्पन्न गरिसकेको छ । नेपाल-चीन उत्तरी कोरला नाकासम्मको सडकलाई आवश्यक स्तरोन्नतिसहित कालोपत्र गर्ने आयोजनाको लक्ष्य छ । सोही लक्ष्यलाई अघि बढाउनका लागि गत वर्ष सङ्घीय सरकारले बजेट विनियोजन गरेको थियो ।

मुस्ताङको कोरला नाका जोड्ने कागबेनी-छुसाङ खण्डको कालोपत्रसहित सडक विस्तार गर्न आयोजनाले गत वर्षको २६ असारमा टक्सार इफ्काट/बुद्ध जेभी कन्ट्रक्सनसँग रु २८ करोड ८७ लाख ९६ हजार लागतमा ठेक्का सम्झौता गरेको आयोजना कार्यालयले जनाएको छ ।

उक्त सडकलाई कालोपत्रसहित थप स्तरोन्नति गर्ने गरी दुई वर्षको सम्पन्न गरिसक्नुपर्ने अवधि तोकिएको छ । ठेक्का सम्झौताअनुसार कागबेनी-छुसाङ सडक विसं २०८४ असार २४ गतेसम्म सम्पन्न गरिसक्नुपर्ने समय तोकिएको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । गत असारको अन्तिममा ठेक्का सम्झौता भएको उक्त सडकको स्तरोन्नति कार्य चालु आवको साउनदेखि सुरु गरिए पनि प्रतिकूल मौसम र निर्वाचनका कारण पाँच महिना रोकिएको उहाँले बताउनुभयो ।

आयोजना प्रमुख शर्माले हिउँदयाम सकिएर गर्मीयाम सुरु भएसँगै निर्माण कम्पनी सडक निर्माणको कार्यस्थलमा फर्किएको बताउनुभयो । उहाँका अनुसार निर्माणाधीन कागबेनी-छुसाङ खण्डको हालसम्म २० प्रतिशत भौतिक प्रगति भएको छ । करिब ११ मिटर चौडा सडक रहने गरी आठ मिटर चौडा कालोपत्र सडक निर्माण गरिने उहाँले जानकारी दिनुभयो । कोरला नाका जोड्ने कागबेनी-छुसाङ सडकखण्डको बारागुङ मुक्तिक्षेत्र-३ ताङ्वे क्षेत्रमा कालोपत्र सडक स्ट्रक्चरको काम भइरहेको निर्माण कम्पनीका प्रतिनिधि सागर श्रेष्ठले जानकारी दिनुभयो । सडक स्तरोन्नतिका लागि उक्त खण्डमा पाँच हजार घनमिटर ग्याबिनवाल र दुई हजार घनमिटर रिटेनिङ वाल लगाउने कार्य सकिएको उहाँले बताउनुभयो । सडकको ग्रेड मिलाउने, आवश्यक स्थानमा ड्रेन निर्माण, ग्याबिनवाल र रेटेनिङ वाललगायत काम भइरहेको छ ।

इन्धनको मूल्य घटेर आपूर्तिमा सहज भएमा पाँच महिनाभित्र कागबेनी-तोङ्वेसम्मको सडकमा कालोपत्र सम्पन्न गर्ने लक्ष्य रहेको निर्माण कम्पनीका प्रतिनिधि श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार कागबेनी-छुसाङ सडकको कामलाई तोकिएको समयमा सम्पन्न गर्न दैनिक ८० जनाभन्दा बढी जनशक्ति परिचालन भइसकेको छ। सडकको स्ट्रक्चर निर्माण तथा कालोपत्र गर्न आवश्यक उपकरण र क्रसरको व्यवस्था गरिसकेका छौं, जतिसक्दो छिटो निर्माणलाई तीव्रता दिइनेछ", प्रतिनिधि श्रेष्ठले भन्नुभयो, "हिउँदयाममा चिसोका कारण काम गर्न सकिँदैन, यहाँ काम गर्ने भनेको सात महिना मात्रै हो ।"

यहाँको बारागुङ मुक्तिक्षेत्र-३ स्थित कागबेनी-छुसाङ सडकखण्डमा गत असार र साउन महिनाको बाढीपहिरोले आंशिक क्षति पुऱ्याएको थियो । बाढीपहिरोले उक्त सडकको केही स्थानभाँसिएकोछभने केही स्थानमा सडकको बेसमा क्षति पुगेको छ । नेपाल-चीन बहुचर्चित उत्तरी कोरला नाकासम्मको सडकलाई थप स्तरोन्नतिसहित कालोपत्र गर्ने लक्ष्यसहित छुसाङ-घमी र घमी-कोरला खण्डलाई दुई चरणमा गरी प्रारम्भिक वातावरण प्रभाव मूल्याङ्कनसमेत सम्पन्न भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत अर्थ मन्त्रालयले कोरला नाकासम्मको सडकमा कालोपत्रका लागि बजेट विनियोजन हुन सकेमा उपल्लो मुस्ताङको सडकमार्ग निकै सहज हुने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले उल्लेख गर्नुभयो । आयोजनालेछुसाङ-कोरलासडकलाई कालोपत्रसहित स्तरोन्नति गर्न करिब रु पाँच अर्बभन्दा बढी लागत लाग्ने अनुमान गरेको छ ।

# राष्ट्रिय जुनियर टेनिसमा भान्सीलाई दोहोरो स्वर्ण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख




पोखरामा सञ्चालन भइरहेको पाँचौं संस्करणको मनुश्री-भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा भान्सी राजभण्डारीले दोहोरो स्वर्ण पदक जितेकी छिन् ।

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा जारी प्रतियोगिताअन्तर्गत आज दोस्रो दिन उनले यू-८ र यू-९ 'गर्ल्सतर्फ' स्वर्ण पदक जितेकी हुन् । प्रतियोगिताअन्तर्गत यू-८ र यू-९ गर्ल्सतर्फ राउण्ड रोबिनको आधारमा भएको प्रतियोगिताको यू-८ मा सेजल राजभण्डारीले रजत र लु सिआन र साशा भट्टराईले कास्य पदक जितेकी छिन् । त्यसैगरी 'ब्वाइज' यू-८ तर्फ सर्वत्र खत्रीले स्वर्ण पदक जित्दा सुविज्ञराज बुढाथोकीले रजत र अनोमल श्रेष्ठ र श्रीभानु पछाईले रजत पदक जितेका छन् । यू-९ तर्फ 'गर्ल्स'मा भान्सीले स्वर्ण पदक जितिन् भने मिलिवाना लावतले रजत तथा सेजल राना मगरले रजत पदक जितिन् । जारी प्रतियोगिता यू-१८ ब्वाइजतर्फ दर्शिल श्रेष्ठ र शाश्वत बज्राचार्य फाइनलमा एकअर्काको सामना गर्नेछन् । दर्शिलले सेमिफाइनलमा स्पन्दन उदासलाई ६-०, ६-१ को सोभो सेटमा पराजित गर्दा शाश्वतले सुरेन्द्र विक्रलाई ६-०, ६-० को सोभो सेटमा पराजित गरी फाइनलमा स्थान पक्का गरेका हुन् । यसैगरी, यू-१६ गर्ल्सतर्फ ऐरा खत्री र शोरा थापा फाइनलमा स्थान पक्का गरेका छन् । आज भएको सेमिफाइनलमा ऐरले शाल्भी शेरचनलाई पराजित गरिन् । उनले ६-१, २-६ र ६-० ले पराजित गरेकी हुन् । त्यस्तै, शोराले आरुषी तुलाचनलाई ६-०, ६-० ले पाखा लगाइन् । यही वैशाख ८ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४, यू-१६ र यू-१८ उमेर समूहका 'ब्वाइज' तथा 'गर्ल्सतर्फ' 'सिङ्गल्स' र 'डबल्स' गरी कुल १६ विधामा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक लोकबहादुर गुरुङले जनाएका छन् । प्रतियोगितामा कास्कीका १५ जना खेलाडीसहित मुलुकका अन्य जिल्लाबाट गरी ९० खेलाडीको सहभागिता छ ।

प्रतियोगितामा पोखरासहित काठमाडौं, चितवन र बुटवलका खेलाडीको सहभागिता रहेको सङ्घका कार्यवाहक अध्यक्ष नवीन चालिसेले बताएका छन् । यस प्रतियोगिताले नयाँ तथा प्रतिभाशाली खेलाडीको प्रतिभा प्रस्फुटनमा महत्वपूर्ण योगदान पुऱ्याउने उनले विश्वास व्यक्त गरेका छन् । "विद्यालयतयबाट टेनिस खेल विकास गरी योग्य र सक्षम खेलाडी उत्पादनमा प्रतियोगिताले सहयोग पुग्ने विश्वास लिएका छौं । पोखरामा खेल पर्यटन प्रवर्द्धनका लागि पनि यो प्रतियोगिता महत्वपूर्ण हुनेछ", चालिसेले भनेका छन् ।

# गीत बज्छ स्रष्टा हराउँछन्

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

गीत बज्ने तर त्यसका स्रष्टा ओझेलमा पर्ने प्रवृत्तिविरुद्ध पोखराबाट सशक्त आवाज उठेको छ । अब कुनै पनि साङ्गीतिक प्रस्तुति दिँदा गीतकार, सङ्गीतकार र गायक/गायिकाको नाम अनिवार्य रूपमा उच्चारण गर्नुपर्ने माग सरोकारवालाहरूले गरेका छन् । पोखरामा गीतकार प्रतिष्ठान, नेपालद्वारा आयोजित 'नेपाली गीत/सङ्गीतमा रचनाकार, सङ्गीतकार र गायक/गायिकाको भूमिका' विषयक अन्तरक्रियामा प्रस्तुत अवधारणापत्रमार्फत यस्तो माग अघि सारिएको हो । प्रतिष्ठानका अध्यक्ष अनुराग अधिकारीले साङ्गीतिक क्षेत्रका प्रतिनिधिहरूसँग छलफल गरेर सात बुँदे अवधारणापत्र तयार पारिएको जानकारी दिनुभयो ।

अधिकारीका अनुसार अवधारणापत्रले एउटा गीत शब्द, सङ्गीत र स्वरको संयुक्त सृजना भएकाले तीनै पक्षको समान पहिचान सुनिश्चित हुनुपर्नेमा जोड दिइएको छ । त्यसअनुसार रियालिटी शो, प्रतियोगिता, मञ्चीय कार्यक्रम वा नृत्य प्रस्तुतिमा समेत गीतकार, सङ्गीतकार र गायक/गायिकाको नाम अनिवार्य उच्चारण गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति सरुभक्तले साङ्गीतिक क्षेत्रभित्र देखिएको पहिचानको समस्या समाधान गर्न अब केवल बहस होइन, व्यवहारमै परिवर्तन आवश्यक रहेको सन्देश पोखराबाट उठेको बताउनुभयो । गीतसँगै स्रष्टाको नाम पनि गुञ्जिने वातावरण बनाउन सकेमात्र सर्जकको सम्मान र अधिकार सुनिश्चित हुने तथा स्रष्टाको नाम उच्चारण गर्ने विषयमा विशेषगरी सञ्चारमाध्यमहरू सचेत हुनुपर्ने उहाँको भनाइ छ । उहाँले स्रष्टाले आफ्नो अस्तित्वको खोजी गरिरहेको उल्लेख गर्दै रोयल्टी व्यवस्थापनमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो ।

वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले आफ्ना गीत अरूकै नाममा रेकर्ड हुने र प्रस्तुति दिँदा नामसमेत नलिइने अवस्थाप्रति दुःख व्यक्त गर्दै कार्यक्रम स्रष्टाको न्यायका लागि केन्द्रित भएको बताउनुभयो । उहाँले प्रतिलिपि अधिकारबारे सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभयो । बिम्बकवि तथा गीतकार रमेश श्रेष्ठले स्रष्टाबिना सृजना सम्भव नहुने भन्दै स्रष्टालाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । त्रिवेणी सङ्गीतालयका प्रबन्ध निर्देशक नवराज बरालले गुणस्तरीय सङ्गीत उत्पादनका लागि गीतकार, सङ्गीतकार र गायक/गायिकाबीच संवाद र सहकार्य आवश्यकतामा जोड दिनुभयो ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका निवर्तमान कुलपति सूर्य खड्का 'बिखर्ची'ले एकले अर्काको अस्तित्व स्वीकार्नुपर्ने बताउनुभयो । गायक कर्णदास, गायक रामभक्त जोजिजू, गायक विनोद बानियाँले देशविदेशमा हुने प्रस्तुतिहरूमा गीतसँग सम्बद्ध सबैको नाम अनिवार्य उच्चारण गर्नुपर्ने धारणा राख्नुभयो।कार्यक्रममाअन्तराष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका अध्यक्ष देवेन्द्र केसी 'देवु' र गुरुङ चलचित्रका नायक ताराबहादुर गुरुङलगायतले पनि अवधारणापत्रमाथि धारणा राख्नुभएको थियो । कार्यक्रमकै अवसरमा प्रतिष्ठानद्वारा प्रकाशित भित्तेपात्रो विमोचन गर्नुका साथै २४ नयाँ आजीवन सदस्यलाई सदस्यता प्रदान गरिएको सचिव रुपिन्द्र प्रभावीले जानकारी दिनुभयो ।

# रास्वपा केन्द्रीय समिति बैठक सोमबार

**रासस**
पोखरा, ६ बैशाख

राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समिति बैठक सोमबार बस्ने भएको छ । पार्टी प्रवक्ता मनिष झाले सोमबार अपराह्न ३:०० बजे वनस्थलीस्थित पार्टी केन्द्रीय कार्यालयमा बैठक बस्ने जानकारी दिनुभयो ।

पार्टी सभापति रवि लामिछानेको निर्देशनुसार बैठकमा अनिवार्य उपस्थितिका लागि सबैलाई अनुरोध गरिएको उहाँले बताउनुभयो । यसैबीच, रास्वपा सचिवालय बैठक आइतबार अपराह्न ३:३० बजे बस्दैछ । बैठकले केन्द्रीय समिति बैठकका 'एजेन्डा' तय गर्ने जनाइएको छ । बैठकमा प्रतिनिधिसभा सदस्यको संगठनात्मक जिम्मेवारी र संसदीय दलको लागि प्राविधिक सहायता एवं 'लेवी'लगायत विषयमा पनि छलफल हुने प्रवक्ता झाले जानकारी दिनुभयो ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

**सम्पादकीय**

# सम्पत्ति शुद्धीकरणमा कोही उम्कन नपाउन

सम्पत्ति शुद्धीकरणका अभियुक्तहरू दीपक भट्ट, सुलभ अग्रवाल लगायतका व्यापारीसंग गृहमन्त्री सुदन गुरुङ बिजनेस पार्टनर भएको खुलेको छ। सुशासन र परिवर्तनको नारा दिएर भएको जेनजी आन्दोलनसँगै राजनीतिमा आएर छोटो समयमै शक्तिशाली पदमा पुगेका गुरुङ बिचौलिया दीपक भट्टको प्रभावमा लाइसेन्स पाएको स्टार माइक्रो इन्स्योरेन्सको संस्थापक सेयर धनी रहेको खुलेको छ। जनआस्था डटकमले गृहमन्त्री सुदन गुरुङ बिचौलीया भट्ट र अग्रवाल लगायतकासंग जोडिएकाले उल्लेख गरेको छ।

उक्त इन्योरेन्सको प्रारम्भिक सेयर लगत सूचीको ४९औं नम्बरमा सुधनको नाम छ। उक्त कम्पनीमा उनले २५ लाख रुपैयाँ सेयर लिएको लगानी भएको देखिएको छ। उक्त कम्पनी २०७९ सालमा लाइसेन्स पाएको लघु बीमा कम्पनी हो। आईओ समेत निष्कासन हुन बाँकी रहेको उक्त कम्पनीमा दीपक भट्ट लगानी रहेको कम्पनी इन्फिनिटी होल्डिङ्गस, जगदम्बा ग्रुप तथा शंकर ग्रुपको लगानी रहेको देखिन्छ। यी समूहका सञ्चालकहरू हाल सम्पत्ति शुद्धीकरणको अनुसन्धानका क्रममा प्रहरी हिरासतमा छन्। सरकारले गरेका केही काम जनताको समर्थन पाउने भएपनि आफ्नै मन्त्रीका बारेमा प्रश्न उठ्दा जनतालाई वास्तविकता बताउनुपर्छ। सरकारको काम गराइ र मन्त्रीको व्यवहार उल्टो भए जनताले प्रश्न उठाउने अवस्था आएको छ। गृहमन्त्रीले बुझाएको सम्पत्ति विवरणमा धेरैले प्रश्न उठाएका थिए। अहिले त झन रहस्यका पात्र बनाइ दिएको छ।

उक्त इन्स्योरेन्समा सेयर भएको देखिए पनि सुधनले यो विवरण सम्पत्ति विवरणमा भने खुलाएका थिएनन्। गृहमन्त्री सुधनले गत साता प्रधानमन्त्री तथा मन्त्रिपरिषद्लाई कार्यालयमा बुझाएको सम्पत्ति विवरणमा होप होल्डिङ्स र अनुज प्रमियम अपार्टमेन्ट्स् नामक कम्पनीमा मात्रै संस्थापक शेयर लगानी भएकबध उल्लेख गरेका थिए। यसबाहेक उनले धितोपत्र बजारमा कारोबार हुने सेयर भनेर २ करोड ७४ लाख रुपैयाँ बराबरको सेयर रहेको विवरण प्रस्तुत गरेका छन्। तर, स्टार माइक्रो इन्स्योरेन्सको यो सेयर धितोपत्र बजारमा कारोबार हुने प्रकृतिको शेयर होइन,त्यसैले यो शेयर यो समूहभित्र पर्दैन।

बीमा प्राधिकरणमा सूर्यप्रसाद सिलवाल अध्यक्ष हुँदा सात वटा माइक्रो इन्स्योरेन्स कम्पनीलाई लाइसेन्स प्रदान गरिएको थियो। यसरी लाइसेन्स पाएका सबै कम्पनीले दीपक भट्टकै प्रभावमा पाएको चर्चा हुने गरेको छ। यस्तो कम्पनीको संस्थापक सेयर हुनु तथा विवरण नदेखाउनुले सुधनको पारदर्शितामा प्रश्न उठेको छ। उनै गृहमन्त्री, गुरूङ 'हामी नेपा' नामक संस्थालाई सबैभन्दा ठूलो वैदेशिक तथा आन्तरिक चन्दा दिनेमा पनि शंकर समूह नै अगाडि रहेको विवरण यसअघि नै सार्वजनिक भएको थियो। यी घटनाले उनीमाथि गम्भीर प्रश्न उठ्ने देखिएको छ। रास्वपाले बनाएका मापदण्डअनुरूप प्रश्नको घेरामा परेकालाई फिर्ता बोलाउने कि चुपचाप अन्याय सहने लोकतान्त्रिक पार्टीको परीक्षा शुरु भएको छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | मानसिक तनाव | तुला | आर्थिक समस्या |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | शत्रुको भय |
| मिथुन | व्यापारमा लाभ | धनु | कार्यमा सफलता |
| कर्कट | झमेला बढ्ने | मकर | सत्कार मिल्नेछ |
| सिंह | शुभ यात्रा | कुम्भ | अप्रत्यसित लाभ |
| कन्या | स्वास्थ्यमा सुधार | मीन | शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# बोङ्गाखोलामा पुल निर्माण थालियो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

एक वर्षदेखि निर्माण व्यवसायी सम्पर्कविहीन बनेपछि अलपत्र बनेको बोङ्गाखोला पुलको काम थालिएको छ।

बागलुङको तमानखोला गाउँपालिका–१ बोङ्गादोभानमा निर्माणाधीन मोटरेबल पुलको काम गत चैतदेखि रोकिएको थियो। पुल निर्माणको जिम्मा पाएको कान्तिपथ कन्ट्रक्सनले अहिले पेटी ठेकेदारलाई काम गर्ने जिम्मा दिएपछि निर्माण सुरु भएको हो। निर्माण कम्पनी समय–समयमा सम्पर्कविहीन हुँदा करोडौंको योजना अलपत्र पर्दै आएको थियो।

विसं २०७७ पुस १६ गते सडक डिभिजन कार्यालय बागलुङसँग सम्झौता गरी काम सुरु भएको थियो। विसं २०७९ चैत ३० गतेसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि हालसम्म करिब ५१ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ।

दुई वर्षमा निर्माण गरि सक्नुपर्ने पुल समयावधिसम्म नसकेपछि गत वर्ष चैत ३० गते एक वर्षका लागि म्याद थप गरेको सडक डिभिजन कार्यालयका इन्जिनियर अमर अधिकारीले बताउनुभयो।

# स्याङ्जाका दुई पालिकामा विद्यार्थी भर्ना अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

संघीय सरकारले देशभर वैशाख १५ गतेदेखि विद्यार्थी भर्ना र २१ गतेबाट नयाँ शैक्षिक सत्रको पठनपाठन सुरु गर्ने निर्णय गरे पनि स्याङ्जाको चापाकोट नगरपालिका, बिरुवा र फेदीखोला गाउँपालिकाले आफ्नै तालिका अघि सारेका छन्।

फेदीखोला गाउँपालिकाले वैशाख २ गते र चापाकोट नगरपालिकाले वैशाख ४ गतेदेखि नै विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छन्। फेदीखोलाले वैशाख २ देखि ७ गते भर्ना अभियान र ९ गतेबाट नियमित कक्षा सञ्चालन गर्ने जनाएको छ भने चापाकोटले वैशाख ४ देखि भर्ना अभियान र १४ गतेबाट नियमित पठनपाठन गर्ने भएको छ। गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले स्थानीय आवश्यकताका आधारमा शैक्षिक गतिविधि अघि बढाएको जनाएका छन्। स्थानीय अवस्था र विद्यार्थीको हितलाई ध्यानमा राखेर आफ्नै शैक्षिक क्यालेन्डर अनुसार अघि बढ्ने निर्णय गरेको उनले बताए। अध्यक्ष सुवेदीका अनुसार निर्णयले शैक्षिक सत्र व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उता चापाकोट नगर शिक्षा समितिको बैठकले विद्यार्थीको पढाईमा असर पर्न सक्ने भन्दै तत्काले भर्ना अभियान चलाएर कक्षा संचालन गर्ने निर्णय गरेको हो। सोही बमोजिमका वार्षिक शैक्षिक योजना र क्यालेन्डर बनाएर पठनपाठन गराउने तयारी गरिएको नगरप्रमुख देवबहादुर खाँण (ईश्वर) ले जानकारी दिए।

दुवै पालिकाका शिक्षा शाखामार्फत वार्षिक शैक्षणिक योजना तयार गरी सबै विद्यालयमा पठाउने तयारी गरिएको जनाइएको छ। सोही योजना अनुसार विद्यालयहरू सञ्चालनमा ल्याइने भएको छ। जिल्लाका दुवै पालिकाको यो निर्णयलाई स्थानीयस्तरमा चासो पूर्वक हेरिएको छ। शिक्षा मन्त्रालयबाट जारी निर्देशनप्रति ध्यानाकर्षण भएको जनाउँदै पालिकाहरूले आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार भएको जनाएका छन्। संविधान र कानुनले दिएको अधिकारअनुसार स्थानीय तहले आफ्नो सन्दर्भलाई लिएर शैक्षिक नीति कार्यान्वयन गर्दै अगाडी बढेको उनीहरुले जनाएका छन्।

शिक्षा जस्तो संवेदनशील क्षेत्रमा निर्णय गर्दा स्थानीय तहसँग पूर्वपरामर्श आवश्यक रहेको भन्दै दुवै पालिकाले संघीय सरकारलाई स्थानीय आवश्यकता अनुसार निर्णय गर्न दिन आग्रह गरेका छन्। परिपत्रलाई मार्गनिर्देशकका रूपमा मात्रै लिन र तीनै तहबीच समन्वय अझ सुदृढ बनाउँदै प्रभावकारी बनाउन समेत आग्रह गरेका छन्।

# प्रसारण लाइन निर्माणः स्थानीयद्वारा क्षतिपूर्तिको माग

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

दमौली–लेखनाथ प्रसारण लाइनअन्तर्गत टावर निर्माणका लागि तनहुँको व्यास नगरपालिका–५ क्षेत्रमा जग्गा अधिग्रहण प्रक्रिया अगाडि बढिसकेको छ। जग्गा रोक्का भइसकेको विषयमा समयमा जानकारी नपाएको भन्दै प्रभावित स्थानीयले असन्तुष्टि जनाएका छन्।

ध्रुवनाथ पण्डित, श्रीभद्र आचार्य, विजय वाग्लेलगायत स्थानीयले आफ्नो मुख्य सम्पत्ति उक्त जग्गा भएको उल्लेख गर्दै न्यायोचित क्षतिपूर्तिको माग गर्नुभएको छ। "हाम्रो सम्पत्ति त्यही जग्गा हो, अरु केही छैन। पहिल्यै जग्गा रोक्का भएको रहेछ, पछि मात्रै थाहा पायौँ", पण्डितले भन्नुभयो। प्रसारण लाइनको तार घरमाथिबाट लैजाँदा जोखिम बढ्ने भएकाले टावरको स्थान अन्यत्र सार्न उहाँले आग्रह गर्नुभयो। स्थानीय वाग्लेले आफूहरूलाई पर्याप्त जानकारी नदिई प्रक्रिया अघि बढाइएकामा गुनासो गर्दै प्रभावित क्षेत्रका बासिन्दासँग समन्वय नगरी काम अगाडि बढाउँदा अन्योल सिर्जना भएको बताउनुभयो। उहाँले पारदर्शी ढङ्गले मूल्याङ्कन गरी उचित क्षतिपूर्ति पाउनुपर्ने माग गर्नुभयो। जिल्ला प्रशासन कार्यालय तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले मुआब्जा निर्धारणको प्रक्रिया बाँकी रहेको जनाउँदै प्रभावित जग्गाको विवरणका आधारमा मुआब्जा निर्धारण गरी वितरण गरिने बताउनुभयो। आयोजना प्रमुख जगदीश पौडेलले आयोजनाको काममा ढिलाइ हुँदा निर्माण व्यवसायीले समेत क्षतिपूर्ति माग गर्न थालेका बताउँदै समयमा काम सम्पन्न गर्न स्थानीयको सहयोग आवश्यक रहेकामा जोड दिनुभयो।

व्यास नगरपालिका–५ का वडाध्यक्ष विष्णुकुमार श्रेष्ठले स्थानीयबाट गुनासोसहितको निवेदन प्राप्त भएको जानकारी दिँदै माग सम्बोधनका लागि आवश्यक पहल गरिने बताउनुभयो। "स्थानीयको चासो र सुरक्षा हाम्रो पहिलो प्राथमिकता हो, सम्बन्धित निकायसँग समन्वय गरेर समाधान खोज्छौँ", उहाँले भन्नुभयो।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार आयोजना प्रभावित क्षेत्रबाट गुनासो आएकाले हाल प्रभावितको विवरण सङ्कलन भइरहेको छ। "पहिलो चरणमा टावर निर्माण सुरु गर्ने तयारी भएको छ। मुआब्जा सम्बन्धमा उचित मूल्याङ्कन गरी जानकारी दिनेछौँ", उहाँले भन्नुभयो। जर्मनी सरकारको केएफडब्ल्यु विकास बैङ्कमार्फत सहवित्तपोषित परियोजनाअन्तर्गत करिब ४५ किलोमिटर लामो २२० केभी डबलसर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक ग्यास इन्सुलेटेड सबस्टेसन स्थापना गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। करिब एक हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने, तनहुँ जलविद्युत् आयोजनालगायत जलविद्युत् परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्ने विश्वास सरोकारवालाहरूले लिएका छन्।

# नेपाल पत्रकार महासंघ, कास्कीको साधारण सभाको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

नेपाल पत्रकार महासंघ, कास्कीले जेठ ९ गते साधारण सभा गर्ने भएको छ। आईतबार बसेको बैठकले साधारण सभाको मिति तय गरेको हो।

नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको पत्र अनुसार कास्की शाखाले साधारण सभा गर्ने निर्णय गरेको हो। सोही अनुसार कास्की शाखाको १८ औं साधारण सभाको तयारी तीव्र पारिएको नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष मावध वरालले जानकारी दिए।

चैत २८ र २९ गते मकवानपुरको हेटौडामा भएको नेपाल पत्रकार महासंघको चौथो कन्द्रीय पूर्ण बैठकले सबै शाखाले साधारण सभा गर्ने निर्णय गरेको थियो। बैठकले जिल्ला शाखाहरुले वैशाख १० देखि जेठ १० सम्म साधारण सभा सक्नुपर्ने मिति तय गरेको थियो।

सोही अनुसार जेठ ९ गते मिति तय गरी तयारी सुरु गरिएको अध्यक्ष बरालले जानकारी दिए। महासंघको साधारण सभा हरेक डेढ वर्षमा गर्नुपर्ने प्रावधान छ।

# तीन सडक र वडा कार्यालय भवन निर्माण एकसाथ

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

बागलुङको गलकोट नगरपालिका क्षेत्रका तीनवटा छोटा सडक र वडा कार्यालय भवन एकसाथ सम्पन्न गरिएको छ। गलकोट–३ को वडा कार्यालय भवन निर्माण सम्पन्न गरिएको छ भने झण्डै साढे दुई किलोमिटर सडक कालोपत्र र ढलान गरिएको हो।

उक्त भवन तथा तीन सडक एकमुष्ट सघन सहरी तथा भवन निर्माण आयोजना कार्यलय बागलुङको आर्थिक सहयोगमा निर्माण गरिएका हुन्। गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले वडा कार्यालय नयाँ भवन, गलकोटघर जाने सडक, नरेडाँटी सडकलगायतका पूर्वाधार समयमै सम्पन्न भएको बताउनुभयो। उहाँले निर्माण सम्पन्न भएका सडक तथा वडा कार्यालयले स्थानीय तहबाट प्रदान गरिने सेवा थप व्यवस्थित, प्रभावकारी र नागरिकमैत्री हुने विश्वास व्यक्त गर्नुभयो। प्रमुख गैरेले स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएको उल्लेख गर्दै सेवा प्रवाहलाई छिटो, सहज र पारदर्शी बनाउन भौतिक पूर्वाधारको विकास अपरिहार्य रहेको बताउनुभयो। वडा कार्यालय भवन जग्गा व्यवस्थापन समिति गठन गरी जग्गा व्यवस्थापन गरिएको थियो। बागेश्वरी मल्टिप्रपोज निर्माण प्रालिले २०८१ भदौमा वडा कार्यालय र तीन सडकलाई एकमुष्ट २०८२ फागुनमा सम्पन्न गर्नेगरी सम्झौता गरी निर्माण थालिएको थियो।

सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालयअन्तर्गत गलकोट क्षेत्रका तीन छोटा सडक तथा वडा कार्यालय निर्माण सम्झौता मितिमै सम्पन्न गरिएको हो। गलकोट–१ र २ नरेडाँटी जोड्ने एक किमी सडक कालोपत्र, वडा नं ३ मा अवस्थित कोटघर जोड्ने एक किमी सडक कालोपत्र तथा वडा नं ५ हरिचौर क्षेत्रमा ३०० मिटर सडक ढलानलगायतका कार्य एउटै बजेटबाट सञ्चालन गरिएको हो। तीन सडक तथा वडा कार्यालय भवन रु सात करोड ६५ लाख ८४ हजारको लागतमा निर्माण गरिएको कार्यालयका इन्जिनियर गोपिचन्द्र आचार्यले जानकारी दिनुभयो।

# दक्षिणकाली फाइट नाइटमा पोखरा साक यान्तको उत्कृष्ट प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ वैशाख

पोखरामा व्यावसायिक मुवाथाईको सुरुवात गर्दै आइहेको साक यान्त मुआथाईले काठमाडौंमा उत्कृष्ट प्रदर्शनी गरेको छ।

काठमाडौंमा आयोजित अन्तर्राष्ट्रिय मुयथाई प्रतियोगिता 'दक्षिणकाली फाइट नाइट' मा साक यान्त मुआथाईका एलेन थकालीले नकआउट गर्दा अर्मेडले डेब्यु खेलमै जित हासिल गरेका छन्। एलेन थकालीले आफ्नो प्रतिस्पर्धी भुपेन्द्र विकलाई पहिलो राउन्डको पहिलो मिनेटमै नकआउट गरे। सुरुदेखि नै आक्रामक देखिएका थकालीले प्रतिद्वन्द्वीलाई सम्हालिन नदिई




छिट्टै खेल आफ्नो पक्षमा पारे।

त्यसैगरी, अर्मुङ थापाले भने पहिलो पटक प्रा–फाइनमा स्पर्धा गरेका थिए। उनले आफ्नो डेब्यु खेलमै एपिएफका सुमन राईलाइ हराउन सफल भए। साक यान्त मुआथाईका प्रशिक्षक खगेन्द्र क्षेत्रीले जितपश्चात आफु खुसी रहेको प्रतिक्रिया दिए। नेपालमा व्यावसायिक फाइटको रौनक बढिरहँदा यस्ता प्रतियोगिताले खेलाडीलाई खेलेर पनि जिविको पार्जन गर्न सक्ने वातावरणको सिर्जना गर्ने सुनाए। यि प्रतियोगिता अन्तर ष्ट्रिय रिङमा प्रवेश गर्ने ढोकाको रुपमा रहेको समेत उनले सुनाए। 'हामीले निकै मिहेनत गरेर यहाँसम्म आइपुगेका छौं। यो हाम्रो सुरुवात हो।

खेलाडीको प्रदर्शनीबाट म सन्तुष्ट छु तर, अझै कडा प्रशिक्षण गर्नुपर्छ' प्रशिक्षक क्षेत्रीले भने। मुआथाईले नेपालको पर्यटन क्षेत्रमा समेत नयाँ आयाम थप्ने उनको भनाइ छ। यो प्रतियोगिताबाट अब विभिन्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धाहरुमा समेत सहभागिता जनाउने उनले बताए।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. १३, अमिताभ गुम्बामा निर्माण कार्य गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अमिताभ गुम्बा
ठेगानाः पोखरा–१३, विजयपुर
योजना सम्झौता मिति : २०८२/११/०४ गते
योजना सुरु मितिः २०८२/११/०५ गते
योजना सम्पन्न हुने मितिः २०८२/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/२२ गते
योजनाको कुल लागतः रु. ५,५५,५५६।–
महानगरपालिकाबाटः रु. ५,००,०००।–
जनसहभागिताबाटः रु. ५५,५५६।–
उपभोक्ता समिति अध्यक्षः तीर्थ बहादुर तामाङ
सम्पर्क नं.: ९८५६०८०६९६
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः २ पुरुषः ५ जना

**अमिताभ गुम्बा उपभोक्ता समिति पोखरा–१३**

# सिद्धार्थ राजमार्गमा सवारी व्यवस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

सिद्धार्थ राजमार्गअर्न्तगत स्याङ्जा खण्डमा पर्ने जिल्लाका स्थानीय तहहरूले पार्किङ व्यवस्थापनमा सक्रियता देखाएका छन् ।

जीर्ण बन्दै गएको साँघुरो र घुम्तीयुक्त सडकमा जथाभावी सवारी साधन पार्किङ गर्दा दुर्घटना बढेको भन्दै स्थानीय तहहरूले व्यवस्थापनमा सक्रियता देखाएका हुन् ।

जिल्लाका पुतलीबजार, वालिङ र गल्याङ नगरपालिकाले राजमार्गमा पार्किङ व्यवस्थापनका लागि योजनाबद्ध रूपमा काम अगाडी बढाएका छन् । स्थानीय प्रशासन, प्रहरी तथा क्रियाशिल यातायात व्यवसायी समितिको सहभागितामा गरिएका छलफलमा सबैको साझा पहलमा सवारी साधनलाई पार्किङ व्यवस्थापन गर्दै राजमार्गलाई व्यवस्थित बनाउने सहमति भएको छ । जिल्ला सदरमुकाम पुतलीबजार नगरपालिका पर्ने राजमार्ग क्षेत्रमा वैशाख १ गतेदेखि नै पार्किङ व्यवस्थापन भएको छ । त्यस्तै वालिङ नगरपालिकामा वैशाख १० गतेदेखि कडाइका साथ राजमार्ग आसपासमा पार्किङ व्यवस्थापन गर्ने सहमति भएको नगरपालिकाले जनाएको छ । राजमार्गमै पर्ने गल्याङ नगरपालिकाले पनि साँघुरो सडकमा जथाभावी पार्किङ गर्नेलाई कारबाही गर्ने भएको छ । जिल्ला प्रशासन कार्यालयको समन्वयमा जिल्लाभरका सरोकारवालाबीच भएको छलफलले तोकिएको स्थानबाहेक जथाभावी पार्किङ नगर्न-नगराउन यसअघि नै सूचित गरेको थियो । जिल्लाको मध्यभाग भएर जाने राजमार्ग फेदीखोला, पुतलीबजार, भीरकोट, वालिङ र गल्याङ नगरपालिकामा गरी करिब ८२ किलोमिटर लम्बाई रहेको छ ।

वालिङमा साँघुरो सडकमा जथाभावी पार्किङ गर्दा दुर्घटना तथा जोखिम बढ्ने भएकाले नियन्त्रण आवश्यक रहेको विषयमा छलफल भएको छ । सरोकारवालाको निर्णयअनुसार मुख्य राजमार्गमा कुनै पनि प्रकारका सवारी साधन पार्किङ गर्न नपाइने र तोकिएको स्थानमा मात्र यात्रु चढाउने-ओराल्ने व्यवस्था लागू गरिएको छ । राजमार्ग आसपासका क्षेत्रमा जथाभावी निर्माण सामग्री राख्नेलाई पनि कारबाहीको तयारी गरिएको जिल्ला ट्राफिक प्रहरीले जनाएको छ । प्रशासन कार्यालयले राजमार्गसँग जोडिएका स्थानीय तहसँग सडक व्यवस्थापनमा सहकार्य गर्ने जनाएको छ । दुईपांङ्ग्रे सवारी साधनहरु पार्किङ नगर क्षेत्रका भित्री सडकमा मात्र गर्नुपर्ने, मुख्य राजमार्ग आसपासका फुटपाथमा पसल, अवैध संरचना तथा निर्माण सामग्री राख्न नपाइने लगायतका निर्णय गरिएको प्रशासन कार्यालयले जनाएको छ । निर्णय कार्यान्वयनमा अवरोध भए कानून अनुसार आवश्यक कारबाही अघि बढाइने स्थानीय प्रशासनले जनाएको छ । यसैबीच, वालिङ नगरपालिकाभित्र वैशाख १० गतेदेखि सिद्धार्थ राजमार्ग क्षेत्रमा कुनै पनि प्रकारका सवारी साधन पार्किङ गर्न नपाइने भएको छ । सडक किनारामा राखिएका ढुंगा, गिटी, बालुवा, इँटा लगायत अन्य निर्माण सामग्री हटाउनुपर्ने व्यवस्था गरिएको वालिङ नगरपालिकाकी उपप्रमुख कविता तिवारीले जानकारी दिइन् । मर्मतका लागि समेत ग्यारेजमा ल्याइएका सवारी साधनलाई राजमार्ग सीमाभित्र राख्न नपाइने व्यवस्था गरिएको छ । सडकलाई खुला र अवरोधरहित बनाउन सवारी साधन र निर्माण सामग्री तुरुन्त हटाउनु पर्नेछ ।

वालिङ नगरपालिका र भकुण्डे ट्राफिक प्रहरी बिटले संयुक्त रुपमा नियम कडाइका साथ लागू गर्ने आन्तरिक तयारी गरेका छन् । बढ्दो सवारी चाप, दुर्घटना न्यूनीकरण र सफा सहर बनाउनका लागि आवश्यक कदम चालिएको भन्दै स्थानीय तहहरूले नगरवासी, यातायात व्यवसायी र व्यापारीहरूलाई अभियानमा साथ दिन आग्रह गरेका छन् । भित्री सडक साँधुरो भएकाले दुईपाङ्ग्रे सवारी साधन समेत पार्किङ गर्न असहज भएको गुनासो आएको गल्याङ नगरपालिकाका प्रमुख गुरुप्रसाद भट्टराईले जानकारी दिए ।

# मनुश्री/भिग्नजित राष्ट्रिय जुनियर टेनिस : भान्सीलाई दोहोरो स्वर्ण, प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख

पोखरामा जारी मनुश्री/भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगितामा भान्सी राजभण्डारीले दोहोरो स्वर्ण जितेकी छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी प्रतियोगिताको दोस्रो दिन उनले यू-८ र यू-९ गर्ल्सतर्फ स्वर्ण पदक जितेकी हुन् । प्रतियोगिता अन्तर्गत यू८ र यू९ गर्ल्सतर्फ राउण्ड रोविनको आधारमा भएको प्रतियोगिताको यू८ मा सेजल राजभण्डारीले रजत र लु सिआन र साशा भट्टराईले काश्य पदकका साथ गिफ्ट ह्याम्पर हात पारे ।

त्यस्तै ब्वाइज यू८ तर्फ सर्वत्र खत्रीले स्वर्ण पदक जित्दा सुविज्ञराज बुढाथोकीले रजत तथा अनोमल श्रेष्ठ र श्रीभान्स पछाईले रजत पदक जिते । यू८ तर्फ प्रतियोगितामा सहभागिता जनाएकी लु सिआनलाई कास्की जिल्ला टेनिस संघले पदक, प्रमाणपत्र र गिफ्ट ह्याम्परसहित सम्मान गरेको छ । उनी ५ वर्षकी हुन् ।

यस्तै यू९तर्फ गर्ल्समा भान्सीले स्वर्ण पदक जितिन् भने मिलिवाना लावतले रजत तथा सेजल राना मगरले रजत पदक जितिन् । जारी प्रतियोगिता यू१८ ब्वाइजतर्फ दर्शिल श्रेष्ठ र शास्वत बज्रचार्य फाइनलमा एक अर्काको सामना गर्नेछन् । दर्शिलले सेमीफाइनलमा स्पन्दन उदासलाई ६-०, ६-१ को सोझो सेटमा पराजित गर्दा शास्वतले सुरेन्द्र विकलाई ६-०, ६-० को सोझो सेटमा पराजित गरी फाइनलमा स्थान पक्का गरे ।

यसै गरी यू-१६ गर्ल्सतर्फ ऐरा खत्री र शोरा थापा फाइनलमा स्थान पक्का गरेका छन् । आइतबार भएको सेमीफाइनलमा ऐराले शाल्भी शेरचनलाई एक संघर्षपूर्ण खेलमा पराजित गरिन् । उनले ६-१, २-६ र ६-० ले पराजित गरेकी हुन् ।

त्यस्तै शोराले आरुषी तुलाचनलाई ६-०, ६-० ले पाखा लगाइन् । बैशाख ८ गते सम्म सञ्चालन हुने प्रतियोगितामा प्रतियोगितामा यू-८, यू-९, यू-१०, यू-१२, यू-१४, यू-१६ र यू-१८ उमेर समूहका ब्वाइज तथा गर्ल्सतर्फ सिंगल्स र डबल्स गरी कुल १६ इभेन्टमा प्रतिस्पर्धा शुरू भएको हो । प्रतियोगितामा कास्कीका १५ जना खेलाडीसहित ९० खेलाडीको सहभागिता रहेको छ । प्रतियोगिताको मुख्य प्रायोजन कुमार मोहनबहादुर शाहीले गरेका छन् । उनले आफ्ना नाति-नातिनीको नाममा यस प्रतियोगितालाई विगत पाँच वर्ष देखि प्रायोजन गर्दै आएको प्रतियोगिताका संयोजक लोक बहादुर गुरूङले जानकारी दिए ।

# पोखरेबगर-घोडेपानी सडकको हल्लेखर्क खण्ड श्रमदानबाट मर्मत गरिँदै

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ बैशाख

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरबाट म्याग्दीको प्रमुख पर्यटकीयस्थल घोडेपानी जोड्ने सडकको हल्लेखर्क खण्डको श्रमदानमार्फत मर्मत सुरु गरिएको छ । अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगर, बिरौटा, हल्लेखर्क, कुरमुनी, भुवानीथान र घारका स्थानीयद्वारा स्वस्फूर्त रूपमा श्रमदान गरी सडक मर्मत थालिएको हो ।

स्थानीयले यसअघि गत साता पनि दुई दिन श्रमदान गरेर सोही सडकको लुलियाघुम्तीको अप्ठ्यारो सडकमा ढुङ्गा बिछ्याएर सोलिङ गरी मर्मत गरेका थिए । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले वडाका जनप्रतिनिधिसहित ४० जनाले आज दिनभर श्रमदान गरेर १५ मिटर दूरीको सडकमा सोलिङ गरेर पोखरेबगर-घोडेपानी खण्डमा सवारीसाधान सञ्चालन गर्न सकिने बनाएका जानकारी दिनुभयो । सडक मर्मतपछि सहज रूपमा ठूला र मालवाहक सवारीसाधन सञ्चालन हुन थालेका वडाध्यक्ष खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार स्थानीय युवा राजाराम बरुवाल, बिपिन बरुवाल, रामकृष्ण खड्काको समन्वयमा सडक मर्मतका लागि श्रमदान अभियान सञ्चालन भएको हो ।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्य आज श्रमदान भइरहेको ठाउँमा पुगेर सहभागीलाई हौसला प्रदान गर्नुभएको थियो । लुलियाघुम्ती र हल्लेखर्च पहिरोको जोखिमयुक्त क्षेत्रका रूपमा मानिनाका साथै जीर्ण अवस्थाका कारण स्थानीयका साथै पर्यटकीयस्थल घोडेपानी भ्रमणमा जाने पर्यटकलाई आवागमनमा समस्या हुँदै आएको थियो । पहिरोका कारण साँघुरिएको, ग्रेड र मोड नमिलेको लुलियाघुम्ती र हल्लेखर्क पहिरोमा सवारीसाधन उक्लन नसक्ने, बीचमा अड्किने र दुर्घटना हुने समस्या बढेको थियो । सङ्घीय सरकारले बजेट विनियोजन गरेको उक्त आयोजना कार्यान्वयनमा भएको ढिलाइका कारण जोखिम बढेपछि समुदायस्तरबाट श्रमदान गरेर अस्थायी रूपमा मर्मत गरिएको वडाध्यक्ष खड्काले बताउनुभयो । ग्याबियन जाली, ढुङ्गा ढुवानी, खाजा, डोजर परिचालनका लागि मुक्तिनाथ केबुलकार प्रालिबाट रु ५० हजार नगद र अन्य दाताबाट आवश्यक सामग्री सहयोग भएको अन्नपूर्ण गाउँपालिकाले जनाएको छ ।

जनप्रतिनिधिहरूबाट निरन्तर ताकेता भएपछि स्थानीय पूर्वाधार विकास कार्यालय पोखराले बिहीबार मात्रै रु तीन करोड बजेट विनियोजन भएको उक्त आयोजना कार्यान्वयनका लागि ठेक्का आह्वान गरेको छ ।

य स ै ब ी च , यतिबेला घोडेपानीको वनपाखा लालीगुराँस फुलेर रङ्गिएको छ । कास्कीको बिरेठाटीतर्फबाट पनि घोडेपानी सडकले जोडिएको छ । बिरेठाँटी उल्लेरी हुँदै घोडेपानी जोड्ने सडक नयाँ मार्ग खोलेकाले भालेओडार क्षेत्रमा हिलोमा फस्ने समस्या छ । अहिले लालीगुराँसको जङ्गल, पुनहिलबाट हिमशृङ्खला अवलोकनका लागि सवारीसाधन चढेर घोडेपानी जाने आन्तरिक पर्यटकको चाप बढेको स्थानीय बताउँछन् ।

# एनटिभिए गण्डकीद्वारा शुभकामना आदानप्रदान एवम् क्यालेन्डर लोकार्पण

**पोखरापत्र संवाददाता**
पोखरा, ६ बैशाख



नेपाल पर्यटक यातायात व्यवसायी संघ (एनटिभिए) गण्डकी प्रदेशको नयाँ वर्ष २०८३ को अवसरमा शुभकामना आदानप्रदान, दररेट सार्वजनिक एवम् क्यालेन्डर लोकार्पण गरेको छ ।

कार्यक्रमको एक समारोहका बीच प्रमुख अतिथि एवम् पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले उद्घाटन गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि पहारीले पर्यटक यातायातले नेपालको समग्र पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । नयाँ वर्षमा पर्यटन व्यवसायको विकासमा थप उपलब्धि हासिल हुने उहाँले विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमका सहभापति एवम् एनटिभिए गण्डकी प्रदेशका अध्यक्ष रविप्रसाद आचार्यले पर्यटक यातायात सेवालाई गुणस्तरीय तथा व्यवस्थित गराउनेतर्फ संघ लागिरहेको बताउनुभयो । नयाँ वर्षले सबैमा सकारात्मक सोचको विकाससँगै व्यवसायिक सफलता हासिल गराउने उहाँले विश्वास व्यक्त गर्नुभयो । क्यालेन्डर प्रकाशन संयोजक एवम् संघका महासचिव श्याम लामिछानेले सञ्चालन गर्नुभएको कार्यक्रममा पूर्व अध्यक्ष एवम् सल्लाहकाहरू बोबरजंग गुरुङ, बाबुराम पाण्डे, सल्लाहकार गणेश सापकोटा, निवर्तमान अध्यक्ष दुर्गादत्त दहाल, दररेट प्रकाशन समितिका संयोजक एवम् संघका प्रथम उपाध्यक्ष विकासप्रसाद कंडेल लगायतले नयाँ वर्षका अवसरमा सबैमा पारिवारिक सुख शान्ति, समृद्धि सँगै व्यवासायिक सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

# पर्वतको जलजलामा बायो कम्पोष्ट मल उद्योग सञ्चालन

**पोखरापत्र संवाददाता**
पर्वत, ६ बैशाख

पर्वतको जलजला गाउँपालिका-४ खोलाखेतमा स्थानीयले सामूहिक रूपमा लगानी गरेर बायो कम्पोष्ट मल उद्योग सञ्चालनमा ल्याएका छन् ।

उद्योगले गत बिहीबारदेखि परीक्षण उत्पादन सुरु गरेको छ । खोलाखेत गाउँका नौ जना स्थानीयले सामूहिक रूपमा रु १५ लाख लगानी गरेर स्थापना गरेको उद्योगबाट कम्पोष्ट मल तयार गर्न सुरु भएको हो । गाउँदेखि माथि रहेको जङ्गल छेउमा कम्पोष्ट मलका लागि आवश्यकपर्ने पूर्वाधार निर्माण गरी उद्योग सञ्चालनमा ल्याइएको बायो कम्पोष्ट मल उत्पादन समितिका अध्यक्ष ढकबहादुर जिसीले जानकारी दिनुभयो ।

उहाँका अनुसार उत्पादित मलको सराङकोट दाजुभाइ एग्रो फर्म प्रालिमार्फत प्याकेजिङ र बिक्री वितरणको व्यवस्था मिलाइएको छ । जैविक बायो कम्पोष्ट मलमा पर्याप्तमात्रामा नाइट्रोजन, फस्फोरस, कार्बोन, पोटासियम र बिरुवाको वृद्धिका लागि आवश्यक सबै पोषक तत्व पाइने समितिका अध्यक्ष जिसीले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले मलको ल्याब परीक्षण गरी उत्पादनको स्वीकृति पाएका छौँ । परीक्षण उत्पादनपछि व्यावसायिक उत्पादन सुरु गर्दछौँ ।" उत्पादन सुरु भएसँगै मुस्ताङबाट करिब ३० टन मलको माग आएको उहाँले बताउनुभयो । मलको प्रतिकेजी रु ४० मूल्य निर्धारण गरिएको छ । स्याउ र सुन्तलाखेतीका लागि कम्पोष्ट मल धेरै उपयोगी हुने उहाँको भनाइ छ ।

जैविकखेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्पादन गरिएको उक्त मल शतप्रतिशत प्राकृतिक रहेको उत्पादकले जानकारी दिएका छन् । कृषि उत्पादन वृद्धि माटोको उर्वराशक्ति सुधार तथा वातावरणमैत्री खेती प्रणालीलाई प्रवर्द्धन गर्ने लक्ष्यसहित बायो कम्पोष्ट मल उत्पादन थालिएको स्थानीयवासी नरबहादुर कार्कीले जानकारी दिनुभयो ।

जैविक कम्पोष्ट मल विभिन्न जैविक पदार्थ जस्तै घाँस, पात, गोबर, कृषि अवशेष लगायतबाट तयार पारिएको हो ।

यस मलको प्रयोगले माटोको गुणस्तर सुधार गर्ने, बिरुवाको वृद्धि राम्रो बनाउने तथा रासायनिक मलको प्रयोग घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रशोधन गरेर तयार पारिएको मललाई दुई केजीका दरले प्लाष्टिक प्याकेटमा प्याकिङ गरेर बजारमा पुऱ्याइने उत्पादकले जनाएका छन् । उक्त मल फलफूल, तरकारी, अन्नबाली तथा बगैँचामा प्रयोग गर्न उपयोगी हुने अपेक्षा गरिएको छ ।

जैविक मल प्रयोगले उत्पादन लागत घट्ने, माटोको दीर्घकालीन उर्वराशक्ति कायम रहने र वातावरणीय प्रभाव कम हुने उत्पादकको भनाइ छ । साथै स्थानीयस्तरमै उत्पादन भएको मल प्रयोग गर्न कृषकलाई आग्रह गरिएको बायो कम्पोष्ट मल उत्पादन समितिका अध्यक्ष जिसीले बताउनुभयो । स्थानीय कृषकले पनि स्थानीयस्तरमै उत्पादन भएको जैविक मल उपलब्ध भएपछि खेती गर्न सहज हुने अपेक्षा गरेका छन् ।

# नेपालद्वारा इटाली पराजित

**रासस**
काठमाडौं, ६ बैशाख

रुवाण्डामा भइरहेको पहिलो संस्करणको आइसिसी महिला ट्वान्टी-२० च्यालेन्ज ट्रफीमा नेपालले इटालीलाई पराजित गर्दै प्रतियोगितामा पहिलो जित हासिल गरेको छ ।

रुवाण्डा क्रिकेट स्टेडियममा आइतबार भएको खेलमा नेपालले इटालीलाई ५० रनले पराजित गरेको हो । नेपालले जितका लागि दिएको ११३ रनको लक्ष्य पछ्याएको इटलीको पारी १८.४ ओभरमा सबै विकेट गुमाउँदै ६२ रनमा समेटियो । इटालीका लागि दुई ब्याटर बाहेक अन्यले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । इटालीका चथुरिका महामालागेले २२ रन तथा पासिन्दी कनन्केगेले १२ रन जोडिन् । बलिङतर्फ नेपालका लागि रुबिना क्षेत्रीले चार, कविता कुँवरले २ तथा मनिषा उपाध्याय, रिया शर्मा र रचना चौधरीले एक/एक विकेट लिइन् । त्यसअघि पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर ११२ रनको योगफल बनायो । नेपालका लागि उपकप्तान पूजा महतोले सर्वाधिक ४८ रन बनाइन् । उनले ४५ बलको सामना गर्दै २ चौका र १ छक्का प्रहार गरिन् ।


## पोखरा महानगरपालिका वडा नं. १९ कित्ता नं २८७१, २८७२ र १९२४ को निजी जग्गाबाट निर्माणजन्य सामग्री उत्खनन् कार्य गर्ने सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०७)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १९ मा रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि. द्वारा निजी जग्गाबाट निर्माणजन्य सामग्री उत्खनन् कार्य गर्न निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि.<br>पोखरा महानगरपालिका वडा नं. १९, कास्की, गण्डकी प्रदेश |
| प्रस्तावको व्यहोरा | दैनिक १७० घनमिटर निर्माणजन्य सामाग्री उत्खनन् |
| प्रभाव पर्न सक्ने जिल्ला, स्थानीय तह | पोखरा महानगरपालिका वडा नं. १९, कास्की, गण्डकी प्रदेश |
| जग्गाको कित्ता नं. | पोखरा महानगरपालिका वडा नं. १९ को कित्ता नं. २८७१, २८७२ र १९२४ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बीच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन् अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, १९ नं. वडा कार्यालय, फोन नं. ०६१-४४०३९७
२. श्री संजय पौडेल, रुद्र महादेव ब्रदर्श बिल्डर्स प्रा.लि. पोखरा-१४, फोन नं. ९८५६०३५८१९
३. श्री ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्ट प्रा.लि, नयाँ बानेश्वर, काठमान्डौं
फोन नं. ९८४६४०४११८ ईमेलः geecnepal@gmail.com